आज मिति २०८०।०९।२३ गते सोनबारका दिन विहान १०:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को ११ औ बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति -

१. रविना थापा, रा.म.वि.नि.

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०९।२३ गते

समय : विहान १०:३० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०९।१३ गते

<u>मिति २०८०।०९।२३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु</u>

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा,
प्रस्ताव नं. २ समपुरक र विशेष अनुदानमा योजना माग गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ३ गाउँसभाको मिति तय गर्ने र बजेट सम्बन्धी छलफल
प्रस्ताव नं ४ विविध

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा तपसिलको निर्णय गर्ने ।

क) कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाइयो।

ख) बर्षात पश्चात बिग्रिएको मोटरबाटो सफाई मर्मत कार्य तत्काल कार्यसम्पादन गरी भुक्तानी दिने।

ग) भूमिहिन सुकुम्बासी, दलित, अव्यवस्थित बसोबासीको तसपिलको लगत अनुसार सूचना प्रकाशन गर्ने ।

तपसिल :

| वडा नं | प्रकार | फारम संख्या | इन्ट्री संख्या | रुजु इन्ट्री संख्या | अपुर्ण संख्या | अपुर्ण घरमुलीको नाम | अपुर्णहुनाको कारण | डवल इन्ट्री संख्या | कैं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अव्यवस्थित वसोबासी | 0 | 0 | 0 | 0 | | | 0 | |
| | भुमिहिन दलित | 0 | 0 | 0 | 0 | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | 0 | 0 | 0 | 0 | | | 0 | |
| २ | अव्यवस्थित वसोबासी | १० | १३ | ९ | १ | आस बहादुर घताने | बच्चाहरुको जन्मदर्ता नभएको | ३ जना (टिकाराम फगामी, श्याम राना र विर ब.घताने) | |
| | भुमिहिन दलित | ३ | ३ | ३ | ० | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | २ | २ | २ | ० | | | 0 | |
| ३ | अव्यवस्थित वसोबासी | ६ | ६ | ६ | ० | | | 0 | |
| | भुमिहिन दलित | ० | ० | ० | ० | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | १४ | १४ | १४ | ० | | | 0 | |
| ४ | अव्यवस्थित वसोबासी | ० | ० | ० | ० | | | 0 | |
| | भुमिहिन दलित | ४ | ४ | ४ | ० | | | 0 | |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भुमिहिन सुकुम्बासी | १ | १ | १ | ० | | | 0 | |
| ५ | अव्यवस्थित वसोबासी | ५ | ५ | ५ | ० | | | 0 | |
| | भुमिहिन दलित | २ | ३ | २ | ० | | | १ जना ( कालु दमै ) | |
| | भुमिहिन सुकुम्बासी | ४ | ४ | ४ | ० | | | 0 | |
| ६ | अव्यवस्थित वसोबासी | ६५ | ६५ | ६५ | ० | | | 0 | |
| | भुमिहिन दलित | ० | ० | ० | ० | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | १ | १ | १ | ० | | | 0 | |
| ७ | अव्यवस्थित वसोबासी | ७ | ७ | ७ | ० | | | 0 | |
| | भुमिहिन दलित | १ | १ | १ | ० | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | १ | १ | १ | ० | | | 0 | |
| ८ | अव्यवस्थित वसोबासी | १ | १ | १ | ० | | | 0 | |
| | भुमिहिन दलित | ० | ० | ० | ० | | | 0 | |
| | भुमिहिन सुकुम्बासी | ० | ० | ० | ० | | | 0 | |

घ) प्रशासकीय भवनका लागि जग्गा व्यवस्था सम्बन्धमा पेश गरेको प्रतिवेदन छलफल गरियो । स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा रहेको तोकेको न्युनतम मापदण्ड पुग्ने गरी हाल गाउँपालिकाको कार्यालय रहेको स्थानबाट वरिपरि २ कि.मि. क्षेत्रभित्र निशुल्क जग्गा प्राप्तीको सूचना प्रकाशन गर्ने । यदि निशुल्क उपलब्ध नभएमा जग्गा प्राप्ति नभएमा जग्गा प्राप्ती ऐन, २०३४ अनुसार मुआब्जा निर्धारण हुने गरी जग्गा प्राप्तीको सूचना प्रकाशन गर्ने ।

ङ) बेनी-जोमसोम कोरोला सडक अन्तर्गत यस गाउँपालिकाको वडा नं २ को भुरुङ तातोपानी कुण्ड मुनीबाट Alignment लैजान र सडकको Right Of Way निर्धारण गर्दा तातोपानी कुण्डलाई असर नपर्ने गरी निर्धारण गर्न अनुरोध गर्ने । तातोपानी कुण्ड संरक्षण गर्नु गाउँपालिकाको जिम्मेवारी भएकाले र नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान समेत रु १ करोड बजेट

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
नेपाल

रहेकाले DPR अनुसारका वा अन्य संरचना निर्माण कार्य तत्काल अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

च) सङ्घीय सरकारद्वारा आ.व. २०८०।८१ मा शसर्त अनुदानको रुपमा हस्तान्तरित नवीकरणीय उर्जा विषयमा आगामी कार्यपालिकामा छलफल गर्ने ।

छ) मनसुनजन्य विपद् प्रभावित घरको सम्झौता यथाशिघ्र गरी पेश गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०८१।८१ को लागि संघीय समपुरक र विशेष अनुदानमा योजना माग गर्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

निर्णय नं. ३

प्रस्ताव न ३ उपर छलफल गर्दा आगामी गाँउसभाको १८ औ अधिवेशनको मिति २०८०।०९।२८ गते दिनको १२:०० बजे बोलाउने गरी कार्यालयको च.न. ६२०, मिति २०८०।०९।२० गतेको पत्रबाट तोकिएको सो लाई अनुमोदन गर्ने । आगामी गाउँसभाको अधिवेशनबाट अल्या बजेट रु ३,०८,००,०००/- र रोयल्टी बजेट रु ७३,००,०००/- बाँडफाट गर्ने ।

निर्णय नं ४

विविध प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको भौगोलिक अवस्था अत्यन्त विकट रहेको, एक ठाउँबाट अर्को ठाउँमा जान निकै दुरी घुम्नुपर्ने, पक्की पूलको अभाव हुँदा यातायात सञ्चालन हुन नसकेकोले तपसिलका भौतिक पूर्वाधारहरु (सडक/पूल) निर्माण गर्नु आवश्यक अति आवश्यक भएकाले भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय, सिंहदरबार काठमाण्डौमा अनुरोध गर्ने ।

१) कालीगण्डकी पूल बैसरी औल ।

२) कालीगण्डकी पूल वडा नं- ६

३) घारखोला — नेपाने — पाउद्वार — किन्दु -धस्केखोरिया -स्वात - मुलपानी सडक (२० किमी)

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

भारत कुमार पुन
अध्यक्ष